# सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड
**SAPTAKOSHI DEVELOPMENT BANK LIMITED**

**"हाम्रो समुदाय हाम्रो बैंक"**

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

टंकिसिनवारी–२, मोरङ्ग

कर्पोरेट कार्यालयः विराटनगर–९, मोरङ्ग, फोन नं. ०२१–५२८१३५, ५२८१३७ फ्याक्सः ०२१–५२८१४०

इमेलः info@skdbl.com.np, वेवसाइटः www.skdbl.com.np


को

# संस्थापक तथा सर्वसाधारण समूहको अवितरित हकप्रद शेयर लिलाम बढाबढ गरी बिक्री गर्ने बारेको शिलबन्दी बोलपत्र आव्हानको सूचना

**शिलबन्दी बोलपत्र पेश गर्ने शुरू मिति : २०७४/०६/२५**

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०७४/०७/०१**

यस सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको हकप्रद शेयर निष्काशनको लागि मिति २०७४/०३/३० देखि २०७४/०५/०९ सम्म बिक्री खुल्ला गरी आवेदन माग गरिएकोमा **संस्थापक समूहतर्फ ९,२५,५५७ कित्ता र सर्वसाधारण समूहतर्फ ४८,१२० कित्ता** गरी जम्मा ९,७३,६७७ कित्ता शेयरको लागि आवेदन नपरेकाले प्रचलित नियम कानून तथा नेपाल राष्ट्र बैंकद्वारा जारी एकिकृत निर्देशन, २०७४ तथा धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ को निर्देशन नं. १५ मा उल्लेखित प्रावधानको अधिनमा रही उक्त शेयरहरू लिलाम बढाबढ गरी बिक्री गर्न यस डेभलपमेन्ट बैंकको संचालक समितिको निर्णयानुसार संस्थापक शेयर खरीदको लागि विद्यमान संस्थापकहरू तथा सर्वसाधारणतर्फको शेयर खरीद गर्न इच्छुक व्यक्ति, कम्पनी, संघ, संस्थाहरूले मिति २०७४/०७/०१ गतेभित्र यस निष्काशनको लागि नियुक्त बिक्री प्रवन्धक श्री एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं अथवा सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेडको कर्पोरेट कार्यालय विराटनगर–९, मोरङ्गमा आइपुग्ने गरी प्रति कित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरूको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र आवेदन पेश गर्न आव्हान गरिन्छ ।

**लिलाम बढाबढद्वारा बिक्री गरिने धितोपत्रको विवरण :**

**संस्थापकहरूको लागि मात्र बिक्री गर्नुपर्ने शेयर : ९,२५,५५७ कित्ता**

**सर्वसाधारणको लागि मात्र बिक्री गर्नुपर्ने शेयर : ४८,१२० कित्ता**

**शर्तहरूः**

१. बोलपत्र आवेदन फाराम बिक्री प्रवन्धक एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं अथवा सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड, कर्पोरेट कार्यालय विराटनगर–९, मोरङ्गबाट रू. १००/– नगद भुक्तानी गरी प्राप्त गर्न सकिनेछ ।

२. शेयरको न्यूनतम मूल्य प्रति शेयर रू. १००/– तोकिएको हुँदा सो वा सो भन्दा बढी मूल्य अंकित गरी बोलकबोल गर्नुपर्नेछ । एकै व्यक्ति वा कम्पनीले विभिन्न मूल्यमा शेयर खरीदको लागि भिन्दाभिन्दै शिलबन्दी खामभित्र आवेदन दिनुपर्नेछ ।

३. बोलपत्र आवेदन फारममा आफुले लिन चाहेको शेयर संख्या तथा प्रति कित्ता दर अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरले लेखेकोलाई मान्यता दिईनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नुपर्नेछ । धेरै केरमेट भई कबोल गरेको शेयर संख्या, प्रति कित्ता शेयर मूल्य वा जम्मा रकम नबुझिने भएमा त्यस्तो बोलपत्रलाई मान्यता दिईने छैन ।

४. बोलपत्रदाताले बोलपत्रमा आफ्नो नाम, ठेगाना, टेलिफोन नम्बर तथा आफ्नो हितग्राही खाता नं. लगायत बोलपत्र आवेदन फारममा उल्लेखित सम्पूर्ण विवरण स्पष्ट रूपमा अनिवार्य उल्लेख गर्नुपर्नेछ ।

५. बोलपत्र पेश गर्दा संस्थापकतर्फ न्यूनतम १,००० कित्ता वा सो भन्दा बढीको लागि १० अंकले भाग जाने संख्यामा हाल कायम रहेको शेयर समेत गरी यस अवितरित हकप्रद शेयरको बाँडफाँड पश्चात कायम हुने चुक्ता पूँजी रू. ४८,५३,००,००० को २ प्रतिशतभन्दा बढी नहुने गरी आवेदन दिन सकिनेछ । हाल कायम रहेको शेयर र आवेदन गरेको शेयर समेत गरी २ प्रतिशत भन्दा बढी हुन गई नेपाल राष्ट्र बैंकको स्वीकृति लिनुपर्ने भएमा सो स्वीकृति प्राप्त भए पश्चात मात्र बाँडफाँडमा परेको शेयर आवेदकको नाममा जम्मा गरिनेछ । त्यसैगरी सर्वसाधारणतर्फ न्यूनतम १०० कित्ता वा सो भन्दा बढीको लागि १० अंकले भाग जाने संख्यामा अधिकतम ४८,१२० कित्ताकालागि आवेदन दिन सकिनेछ । रू.१० लाखसम्मको आवेदन दिनेले स्वेच्छिक रूपमा र रू. १० लाख भन्दा बढी रकमको आवेदन दिनेले अनिवार्य रूपमा आफ्नो प्यान नं. आवेदन फारममा उल्लेख गर्नुपर्नेछ । साथै, संस्थापकहरूले आफ्नो आयको विवरण समेत पेश गर्नुपर्नेछ ।

६. शेयर आवेदन फारम नेपाली तथा अंग्रेजी भाषामा पूर्ण रूपले भरी बोलपत्रदाताले बोलपत्र आवेदन साथ आफुले खरीद गर्न चाहेको शेयरको जम्मा मूल्यको सम्पूर्ण रकम **NMBCL- Right SKDBL 2073/074** नाममा एनएमबि बैंक लिमिटेडमा रहेको खाता नं. **००१३०६०००५४०१०००००१९५** मा धरौटी वापत जम्मा गरेको सक्कल नगद भौचर संलग्न गर्नुपर्नेछ । साथै, चेकको माध्यमबाट आवेदन गर्नेको हकमा एनएमबि क्यापिटल लिमिटेडको नाममा जारी गरिएको नेपाल क्लियरिङ्ग हाउस लि. को सदस्य भएको बैंक तथा वित्तीय संस्थाको Good For Payment गरिएको A/C Payee Cheque मात्र संलग्न गर्नुपर्नेछ । सो नभएको चेकलाई मान्यता दिईने छैन । साथै Good For Payment गर्दा लाग्ने शुल्क तथा रू. २ लाख भन्दा बढी रकमको Good For Payment को चेक जम्मा गर्नेको हकमा चेक क्लियरिङ्ग शुल्क वापतको रकम आवेदक स्वयंले व्यहोर्नु पर्नेछ ।

७. Swift Transfer को माध्यमबाट रकम जम्मा गर्न चाहने व्यक्ती वा संस्थाले Swift Transfer आदेशको कपि र खातामा रकम जम्मा भएको कपि संलग्न राखि आवेदन दिन सक्नेछन् । यसरी जम्मा भएको रकम बोलपत्र पेश गर्ने अन्तिम दिनसम्ममा तोकिएको खातामा जम्मा भइसकेको हुनु पर्नेछ ।

८. बोलपत्रदाता संगठित संस्था/कम्पनी भएमा कम्पनी दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा सञ्चालक समितिको निर्णय तथा अख्तियारनामाको प्रतिलिपि संलग्न गर्नुपर्नेछ ।

९. बोलपत्र आवेदन पेश गर्दा शिलबन्दी खाम बाहिर "**सप्तकोशी–शेयर खरीद आवेदन**" उल्लेख गरी **संस्थापक** वा **सर्वसाधारण** जनाएको हुनु पर्नेछ ।

१०. बोलपत्र मिति २०७४/०७/०१ गते अपरान्ह ३.०० बजेभित्र एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा वा सप्तकोशी डेभलपमेन्ट बैंक लिमिटेड कर्पोरेट कार्यालय विराटनगर–९, मोरङ्गमा दर्ता भईसक्नु पर्नेछ । कुनै शर्त राखी पेश गरेको वा रित नपुगेको वा म्याद नाघि आएको बोलपत्रलाई मान्यता दिईने छैन ।

११. बोलपत्र दाखिला गरिसकेपछि बोलपत्रमा कबोल गरेको शेयर संख्या वा रकममा कुनै हेरफेर गर्न वा बोलपत्र फिर्ता लिन सकिने छैन ।

१२. प्राप्त शिलबन्दी बोलपत्रहरू मिति २०७४/०७/०५ गते आइतवार अपरान्ह ३:०० बजे र सर्वसाधारणतर्फको सोही दिन अपरान्ह ३:३० बजे बिक्री प्रवन्धक एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौं वा बिक्री प्रबन्धकले सूचना प्रकाशन गरी तोकिएको स्थानमा बोलपत्रदाता वा निजद्वारा लिखित रूपमा नियुक्त प्रतिनिधिको उपस्थितिमा खोलिने छ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन सार्वजनिक बिदा परेमा सो को भोलीपल्ट कार्यालय खुलेको दिन अपरान्ह क्रमशः ३:०० बजे र ३:३० बजे बिक्री प्रवन्धकको कार्यालय एनएमबि क्यापिटल लिमिटेड, नागपोखरी, काठमाडौंमा बोलपत्र खोलिनेछ ।

१३. प्राप्त बोलपत्रहरूको छानविन गरी रितपूर्वक प्राप्त बोलपत्रहरूमध्ये सबैभन्दा बढी बोलकबोल गर्ने आवेदकलाई शेयर बाँडफाँड गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यसपछिको बढी रकम कबोल गर्नेलाई क्रमशः बाँडफाँड गरिने छ । बोलकबोलमा शेयर बिक्री गर्दै जाँदा एउटै मूल्यमा दुई वा दुई भन्दा बढी बोलपत्र आवेदनहरू पर्न गई बाँडफाँड हुन बाँकी शेयर भन्दा बढीको माग भएमा माग गरेको शेयरको आधारमा समानुपातिक रूपमा शेयर बाँडफाँड गरिनेछ ।

१४. बोलपत्र आवेदनहरू मध्ये बाँडफाँडमा नपरेका आवेदकहरूको बोलकबोल वापत जम्मा भएको रकम धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ बमोजिम आवेदन बुझाएको संकलन केन्द्र मार्फत फिर्ता भुक्तानी गरिनेछ । साथै यस्तो फिर्ता गरिने रकममा कुनै ब्याज प्रदान गरिने छैन ।

१५. यस सूचना बमोजिम निष्काशन गरिएको शेयरका लागि लिलाम बढाबढ गर्दा सबै शेयर खरिदका लागि दरखास्त नपरे पनि निवेदन परेको शेयर सम्बन्धित निवेदनलाई बाँडफाँड गरी बाँकी रहेको शेयर पुनः लिलाम बढाबढ गरी बिक्री गरिनेछ ।

१६. शेयर बिक्री गर्ने वा नगर्ने वा आवेदनमा माग गरेको भन्दा कम शेयर बाँडफाँड गर्न सक्ने वा बोलपत्र आवेदन तथा शेयर बाँडफाँड सम्बन्धी कुनै विवाद उत्पन्न भएमा सो को अन्तिम निर्णय गर्ने अधिकार यस कम्पनीको सञ्चालक समितिमा रहनेछ ।

**बिक्री प्रबन्धकः**

NMB CAPITAL LIMITED

**एनएमबि क्यापिटल लिमिटेड**

नागपोखरी, काठमाडौं, नेपाल

फोन नं. ४४३७९६३, फ्याक्स नं. ४४३७९६०

E-mail: info@nmbcl.com.np, Url: www.nmbcl.com.np